हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्डः५ | संख्याः १६ | प्रमाणिकरण मितिः २०७९/१२/०७

भाग २

## जीतपुरसिमरा उपमहानगरपालिका

## गैरसरकारी संस्था (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९

प्रस्तावनाः

नगरभित्र स्थापना भै कार्यसञ्चालन गर्ने गैर सरकारी संस्थाहरूलाई स्थानीय तहको विकास कार्यमा सरिक गराउने र उनीहरूको प्रवर्द्धन, नियमन, निर्देशन, नियन्त्रण एवं कार्य सहजीकरण प्रभावकारी रूपमा गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ र १०२ (२) तथा जीतपुरसिमरा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी जीतपुरसिमरा उपमहानगरपालिकाको नगर कार्यपालिकाद्वारा गैरसरकारी संस्था (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ बनाई जारी गरिएको छ ।

### परिच्छेद - एक
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो निर्देशिकाको नाम " गैरसरकारी संस्था (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ " रहेको छ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(ख) "नगरसभा" भन्नाले संविधानको धारा २२३ को उपधारा (१) बमोजिमको नगर सभा सम्झनुपर्छ।

(ग) "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका सम्झनुपर्छ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(घ) "प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर उप-प्रमुख सम्झनुपर्छ ।

(च) "सल्लाहकार समिति" भन्नाले दफा १६ बमोजिम नगरपालिकास्तरमा गठन भएको नगर परियोजना सल्लाहकार समिति सम्झनुपर्छ ।

(छ) "समन्वय समिति" भन्नाले दफा १७ बमोजिम गठन भएको गैरसरकारी संस्था समन्वय समिति सम्झनुपर्छ ।

(ज) "सदस्य सचिव " भन्नाले समन्वय समितिका सदस्य सचिव सम्झनुपर्छ ।

(झ) "सदस्य" भन्नाले समन्वय समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समन्वय समितिको संयोजकलाई समेत जनाउँछ

(ञ) "बैठक" भन्नाले समन्वय समितिको बैठक सम्झनुपर्छ ।

(ट) "गैसस" भन्नाले नगरपालिका क्षेत्रभित्र क्रियाशील गैरसरकारी संस्था सम्झनुपर्दछ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ड) "व्यवस्थापन र सञ्चालन" भन्नाले नगर क्षेत्रभित्र क्रियाशील गैरसरकारी संस्थाहरूको व्यवस्थापन र सञ्चालन मार्फत नगरवासीहरूलाई सेवाप्रवाह गर्ने उद्देश्यले गरिने काम समेतलाई सम्झनु पर्दछ ।

## परिच्छेद - दुई
## लक्ष्य तथा उद्देश्य

३. निर्देशिकाको उद्देश्य :

(१) स्थानीय शासन प्रक्रियामा स्वस्फूर्त र स्वायत्त रूपमा गठित गैससको माध्यमद्वारा सामाजिक परिचालनबाट पिछडिएका क्षेत्र तथा वर्गका महिला, बालबालिका, ज्येष्ठ नागरिक एवम् दलितहरू समेतको स्थिति तथा आर्थिक, सामाजिकस्तरमा सुधार ल्याई सुसंस्कृत, समतामूलक, सशक्त एवम् सहभागितात्मक प्रक्रियाद्वारा समुन्नत समाजको स्थापनाको लागि नगरपालिका र गैर सरकारी संस्थाहरूबीच पारस्परिक सद्भाव अभिवृद्धि गरी विकासका सहयात्रीको रूपमा कार्यक्रम सञ्चालनमा सहयोग पुयाउने उद्देश्य यस निर्देशिकाको उद्देश्य रहेको छ ।

(२) उपदफा (१) मा उल्लिखित उद्देश्य पूरा गर्न देहायका कार्यहरूमा जोड दिइनेछः

(क) नगरपालिकाको सेवामुखी व्यवहार, सुसंस्कार र पारदर्शितामा जोड दिँदै त्यहाँबाट सञ्चालन गरिने विकास क्रियाकलापहरूलाई सहभागितामूलक एवं संस्थागत रूपमा अगाडि बढाउने प्रणालीको विकासमा सहयोग पुयाउने,

(ख) विपन्न र वञ्चितीकरणमा परेका तथा विकासको प्रतिफलसम्म पहुँच नपुगेका समुदाय र वर्गबाट समेत विकास निर्माणको क्षेत्रमा हुने योगदानको कदर गर्दै उनीहरूलाई सामाजिक तथा आर्थिक रूपमा सशक्त र आत्मनिर्भर बनाउने कार्यमा साझेदारको रूपमा काम गर्न सहयोग पुयाउनु,

(ग) सामाजिक-आर्थिक क्रियाकलापमा पिछडिएको वर्ग, जाति र क्षेत्रका साथै त्यहाँका महिला तथा पुरुषको संलग्नता, सहभागिता, भूमिका तथा योगदानलाई समान ढंगले अभिवृद्धि गर्दै उनीहरूको अधिकारको संरक्षण गर्ने कार्यमा सघाउ पुर्याउनु,

(घ) गैर सरकारी संस्थाहरूको अनुगमन, मूल्यांकन, नियमनको व्यवस्थापन गर्ने ।

(ङ) गैर सरकारी संस्थाहरूको गतिविधि तथा कृयाकलापहरूलाई नगरपालिकाको नीति तथा कार्यक्रम अनुरूप नै मूल प्रवाहीकरण गर्ने,

(च) गैससहरूको बार्षिक तथा अर्धवार्षिक रूपमा प्रगतिको समीक्षा र मूल्याङ्कन गर्ने,

(छ) गैससहरूको प्रोफाईल तयार गरी अद्यावधिक गर्ने,

(ज) गैससहरूका कृयापकलापहरूमा दोहोरोपन क्रमशः हटाउदै एकद्वार प्रणाली कायम गर्ने

## परिच्छेद - तीन
## गैरसरकारी संस्था सञ्चालनसम्बन्धी सिद्धान्त, नीति तथा रणनीति

४. गैर सरकारी संस्था सञ्चालनसम्बन्धी सिद्धान्तहरूः गैसस सञ्चालन सम्वन्धमा देहायका सिद्धान्तहरू अबलम्बन गरिनेछः

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(क) गैससहरूको कार्यक्रम सभाबाट स्वीकृत भएबमोजिम गर्ने, गराइने,

(ख) विकास साझेदारहरूको सवल पक्ष बृद्धिका लागि प्रोत्साहन गर्ने,

(ग) गैससका कार्यक्रमहरू पारदर्शी, उत्तरदायी र लक्ष्यमूलक बनाउँदै जाने,

(घ) कार्यक्रम सुरु हुनु अगावै यसको अवधारणा प्रष्ट र लक्षित समुदायसित छलफल भएको हुनुपर्ने,

(ङ) कार्यक्रम तर्जुमा देखि कार्यान्वयन तहसम्म लक्षित समुदायको संलग्नता हुनुपर्ने,

(च) समाजका कमजोर पक्षलाई सबल बनाउन बिशेष ध्यान दिएको हुनुपर्ने,

(छ) संविधान र स्थानीय सरकार सञ्चालन सम्बन्धी विद्यमान कानूनी व्यवस्थाको मूल मर्मलाई आत्मसात गर्नुपर्ने,

५. गैससको सञ्चालनसम्बन्धी नीतिहरूः गैससको सञ्चालनसम्बन्धी निम्नानुसारका नीतिहरू अवलम्बन गरिनेछः

(क) स्थानीय तहद्वारा सञ्चालन हुने कार्यक्रममा गैससहरूको सहभागिता र साझेदारी अभिवृद्धि गर्ने,

(ख) सामुदायिक तथा सार्वजनिक स्रोत र साधनमाथिको पहुँच तथा उपभोगमा गैसस - नागरिक समाजको साझेदारी र सहभागि वृद्धि गर्ने,

(ग) पिछडिएको वर्ग, क्षेत्र र समुदायतथा महिलाहरू, ज्येष्ठ नागरिक एवं उत्पीडित समुदाय सामाजिक परिचालनको लागि विशेष कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने,

(घ) गैरसरकारी तथा निजी संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने,

(ङ) गैससको दर्ता/नवीकरण प्रणाली सुदृढ गरी स्थानीयस्तरमा सुदृढ तथ्यांकमा आधारित सूचनाव्यवस्था तयार गरी अभिलेख व्यवस्थित गर्न सघाउ पुर्याउने,

(च) गैरसरकारी क्षेत्रबाट समाजले प्राप्त गर्ने तुलनात्मक लाभ, गै.स.स. प्रतिस्पर्धात्मक नवीन सोच र सिकाइहरूको अत्यधिकउपयोग गर्नमा मद्धत पुर्याउने,

(छ) गैससहरूको सुशासन, व्यवस्थापन र संस्थागतविकासमा सहयोग पुयाउने,

(ज) विकासको जिम्मेवार सहयात्रीको रूपमा पारस्परिक सहयोग वृद्धि गर्ने,

(झ) गैससहरूको कृयाकलापहरूलाई पारदर्शी बनाउन वित्तीय लेखापरीक्षण, सामाजिक परीक्षण, कार्यस्थलमा सार्वजनिक लेखापरीक्षण गरी सार्वजनिक गर्नुपर्ने जस्ता व्यवस्थाहरू अवलम्बन गर्ने,

(ञ) अर्धवार्षिक, वार्षिक रूपमा गैससहरूको कार्यक्रमको प्रगति प्रतिवेदन पेश गर्ने तथा प्रस्तुतिकरणको व्यवस्था अवलम्वन गर्ने, गराउने ।

६. गैससको सञ्चालनसम्बन्धी रणनीतिहरूः गैससको नीति अनुरूप उपलब्धिहरू हासिल गर्न गैसस सञ्चालन सम्वन्धमा निम्नानुसारको रणनीति अवलम्वन गरिनेछः

(क) गैससलाई नगर क्षेत्रको विकासको निम्ति विकासको साझेदारको रूपमा स्थापित गर्ने,

(ख) गैससका प्रमुखकार्य क्षेत्र यकीन गरी सहकार्यको आधारमा कार्यक्रम सञ्चालन गर्ने,

(ग) गैससको कामको मूल्यांकन गरी प्रोत्साहन गर्दै जाने,

(घ) गैससले क्षमता विकाससँग सम्बन्धित कार्यहरूमा प्रवर्द्धनकारी भुमिका निर्वाह गर्दै जाने,

(ङ) गैससलाई लक्षितवर्ग, जोखिमग्रस्त समुदायएवं पिछडिएको क्षेत्र एवं नगरपालिकाले तोकेको प्राथमिकता प्राप्त क्षेत्रमाकार्य गर्न प्रोत्साहितगर्दै जाने ।

## परिच्छेद - चार
## संस्थाहरूको वर्गीकरण र सामाजिकविकास कार्यक्रम

७. संस्थाहरूको सूची तयार गर्नेः

(१) कार्यपालिकाले सामाजिक क्षेत्रमाकाम गरिरहेका तथा काम गर्न चाहने संघ संस्थाहरूको सूचीतयार गर्दा आफुसँग आवद्ध हुन आउने संघ संस्थाहरूको देहायबमोजिमको तहगत प्रकृति आधारमा वर्गीकरण गर्नेछः

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

क) संघीय कानूनबमोजिम दर्ता भई नेपालभर कार्यक्षेत्र तय गरेका र यस नगरपालिकामा पनि कार्य गरेका वा कार्यक्षेत्र हुने राष्ट्रिय प्रकृतिका संस्था,

ख) प्रदेश कानुनबमोजिम दर्ता भई नेपालभर वा प्रदेश कार्यक्षेत्र तय गरेको र नगरपालिकामा कार्य गरेको वा कार्यक्षेत्र हुने संस्था,

ग) संघीय कानूनबमोजिम कुनै एक जिल्लामा दर्ता भई एक वा एकभन्दा बढी जिल्ला र नगरपालिकामा कार्य गरिरहेका वा कार्यक्षेत्र हुने संस्था,

घ) संघीय कानूनबमोजिम कुनै एक जिल्लामा दर्ता भई नगरपालिकामा कार्य गरिरहेका वा नगरपालिकामा कार्यक्षेत्र हुने संस्था,

ङ) संघसंस्थाको नेपालभर वा सम्वन्धित जिल्ला वा नगरपालिकामा गठन भई वा नगरपालिकासँग समन्वय गरी कार्य गर्ने अन्य सामाजिक प्रकृतिका संघसंस्थाहरू (आमा समूह, बालक्लव,महिला सञ्जाल, युवा क्लव आदि)

(२) सामाजिक संघ संस्थाहरूको सूचीतयार गर्दा तपसिलबमोजिम वर्गीकरण गरी अलगअलग सूचीतयार गरिनेछः

(क) सामाजिक संस्थाहरूः यस अन्तर्गत सामाजिक सचेतना, कानूनको शासन, असल शासन, मानव अधिकारको संरक्षण, लैंगिक तथा सामाजिक न्याय तथा प्रवर्द्धन, सामाजिक विकास, आयमूलक कार्यक्रम, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, क्षमता विकास, सामाजिक परिचालन, भौतिक पूर्वाधार विकास, जीविकोपार्जन तथा आर्थिक क्रियाकलाप, मानवीय सहायता, प्राकृतिक श्रोत संरक्षण र व्यवस्थापन, बिपद् व्यवस्थापन, पूर्ननिर्माण तथा मानवीय सहायता, गरिबी निवारण, नागरिक शिक्षा, पैरवी, उपभोक्ताहरूको हीत संरक्षणका लागि स्थापित नागरिक संस्थाहरू,

(ख) खेलकुद विकासः यस संस्थाहरू अन्तर्गत विभिन्न खेलकुद खेल्ने वा खेलाउने संघ संस्थाहरू,

(ग) धार्मिक तथा सांस्कृतिक संस्थाहरूः यस अन्तर्गत भजन कीर्तन गर्ने, गुम्बा, मदरसा, मठ मन्दिर निर्माण वा संरक्षण, विभिन्न पौराणिक भाषा, कला, सम्पदा, संस्कृति वा रीतिरिवाज संरक्षण वा प्रबर्धन गर्ने उद्देश्यले खोलिएका संघ संस्थाहरू,

(घ) प्रतिष्ठान, ट्रष्ट तथा गुठीहरूः यसअन्तर्गत विभिन्न व्यक्ति वा स्थानको स्मृतिमा स्थापना गरिएका प्रतिष्ठान, ट्रष्ट तथा गुठीहरू,

(ङ) परोपकार संस्थाहरूः यस अन्तर्गत असहाय, बृद्ध, अपांगता, दीर्घरोगी वा जोखिममा परेका व्यक्तिहरू वा समुहहरूलाई कल्याण गर्ने उद्देश्यले खोलिएका परोपकारी संस्थाहरू,

(च) पेशागत संस्थाहरूः यस अन्तर्गत निश्चित पेशामा लागेका वाअं गालेका व्यक्तिहरूले आफ्नो पेशागत भलाइका लागि खोलिएका संस्थाहरू, जस्तै वकिल, डाक्टर, नर्स, इन्जिनियर, मजदुर, पत्रकार आदिको पेशागत संस्थाहरू,

(छ) संजाल तथा महासंघहरूः यसअन्तर्गत निश्चित उद्देश्य, लक्षित समुह वा विषयमा कार्यरत समुह वा संस्थाहरूको संजाल, एयरलायन्स, महासंघ, संघ आदि,

(ज) उपभोक्ता संस्थातथा समुहहरूः यसअन्तर्गत निश्चित वस्तु वा सेवाको उपभोग गर्ने व्यक्ति वा समुहहरूको पक्षमा काम गर्ने गरी खोलिएका संघ संस्थाहरू, जस्तैः वनउपभोक्ता समिति, खानेपानी उपभोक्ता समिति, आदि,

(झ) अनुसन्धानमूलक संस्थाहरूः यसअन्तर्गत समसामयिक वा अन्य कुनै बिषयमा केन्द्रित भई अध्ययन, अनुसन्धान, सर्वेक्षण आदि गर्ने प्रकृतिका संघ संस्थाहरू,

(ञ) सामुदायिक संस्थाहरूः यस अन्तर्गत समुदाय, बस्ती, वडा वा टोलस्तरमा गठन भएका समुह, टोल विकास संस्था र समुदायमा आधारित संस्थाहरू,क्लब,वालक्लब आदि पर्नेछन् ।

(ट) अन्य संस्थाहरूः यसअन्तर्गत माथिउल्लेख गरिएका बाहेकका अन्य प्रकृतिका संस्थाहरू पर्नेछन् ।

(३) नगरपालिकाले सूचीकृत गर्दा एकभन्दा बढी क्षेत्रमाकार्य गर्ने उद्देश्य संस्थाको बिधानमा भएमा र सो स्थानीय तहमा सञ्चालन गर्ने कार्यको प्रकृतित्यस्तो देखिएमा त्यस्ता संस्थालाई बहुक्षेत्राधिकार प्राप्त संस्थाको सूचीमा दर्ता गरिनेछ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(४) कुनै पनि गैससले सूची दर्ता नगरि नगरपालिका क्षेत्रभित्र कुनै पनि कार्य गर्न पाउने छैनन् ।

८. सामाजिक कार्यक्रमः

(१) नगरपालिकाले सामाजिक संघसंस्थाहरू मार्फत सामाजिक परिचालन, नागरिक अधिकार, सामाजिक सचेतना तथा विकासका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

(२) सामाजिक परिचालनलगायतका कार्यहरू गर्दा दफा ७ बमोजिम सूचीकृत गैससहरूलाई प्राथमिकता ति संघ संस्थाहरूसँग दिई समन्वय र साझेदारी गर्नेछ ।

(३) सामाजिक संघसंस्थाहरूले आफ्नो उद्देश्य अनुसारका कार्यक्रमहरूमा खर्च गर्ने गरी आफ्नो स्रोत निर्माण तथा संस्थाको दिगोपनाका लागि आयमूलक कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछन् ।

(४) सामुदायिक विकासको क्षेत्रमा कार्यरत गैससहरूको सूची अद्यावधिक गरी कार्यक्रम तथा लगानीमा हुने दोहोरोपन हटाउन तथा प्रभावकारी रूपमा सामाजिक संस्थाका गतिविधिहरू सञ्चालन गर्न आवश्यक कार्य गर्नेछ ।

९. स्थानीय दिगो विकास सम्बन्धी कार्यक्रम सञ्चालनः नगरपालिकाभित्र दिगो विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दा नगरपालिकाले देहायबमोजिमका विशेष कार्यक्रमहरू छनौट गरी गैसससँगको साझेदारीमा सञ्चालन गर्न सक्नेछः

(क) गरिबी निवारण, आय आर्जन तथा सीप विकास सम्बन्धी कार्यक्रम,

(ख) रोजगार एवं स्वरोजगार सिर्जना सम्बन्धी कार्यक्रम,

(ग) स्थानीय शासन तथा विकासका लागि सहभागिता अभिवृद्धि गर्नेसम्बन्धी कार्यक्रम

(घ) लैङ्गिक मूल प्रवाहीकरण तथा महिला सशक्तीकरण र लैंगिक न्याय तथा न्यायमा पहुँच सम्बन्धी कार्यक्रम,

(ङ) कानूनको शासन, न्याय, समानता, मानवअधिकार, लोकतन्त्र, सुशासन संरक्षण तथा प्रवर्द्धन कार्यक्रम,

(च) स्रोत साधनमा पछाडि पारिएका समुदायहरूको पहुँच, स्वामित्व र नियन्त्रण बढाउने कार्यक्रम,

(छ) कृषिउत्पादन, वजारीकरण, खाद्य सुरक्षा तथा पोषण कार्यक्रम,

(ज) सामाजिक कुरीति तथा अन्धविश्वास विरुद्धको कार्यक्रम,

(झ) महिला, एकलमहिला, बालबालिका, आर्थिक रूपले विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यक, आदिवासी, जनजाति तथा दलित, असहाय लगायत पिछडिएका एवं सीमान्तीकृत (सामाजिक तथा आर्थिक ) साथै जोखिममा परेका समुदायको हीत र कल्याणसम्बन्धी कार्यक्रम,

(ञ) नागरिक कर्तव्य तथा दायित्वसम्बन्धी सचेतना कार्यक्रम,

(ट) वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा प्रभाव न्यूनीकरण एवं विपद जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम,

(ठ) स्वास्थ्य जनचेतना अभिवृद्धि तथा सेवाप्रवाह सम्बन्धी कार्यक्रम,

(ड) गुणस्तरीय शिक्षा लगायत आधारभूत शैक्षिक उद्देश्य परिपूर्ति गर्ने सम्बन्धी विविध कार्यक्रम,

(ढ) स्वच्छ पिउने पानी, सरसफाई, जलश्रोत व्यवस्थापन,फोहोरमैला व्यवस्थापन तथा लघु तथा वैकल्पिक उर्जा विकास कार्यक्रम,

(ण) भौतिकपूर्वाधार विकास निर्माण तथा मर्मतसम्बन्धी कार्यहरू,

(त) सामुदायिक सुरक्षा प्रवर्द्धन, समाजिक तथा धार्मिक सद्भाव शान्ति प्रबर्द्धन जस्ता कार्यहरू,

(थ) नगरपालिकाले आवश्यक र उपयुक्त ठहऱ्याएका अन्य कार्यक्रमहरू

## परिच्छेद - पाँच

## गैरसरकारी संस्था र नगरपालिकाको योजना तर्जुमा

१०. योजना तर्जुमा प्रकृयामा गैससहरूको सहभागिताः

(१) नगरपालिकाले योजना निर्माण प्रकृयामा आवश्यकता अनुसार गैरसरकारी संस्थाहरूलाई सहभागी गराउन सक्नेछ ।

(२) सम्वन्धित विषय र क्षेत्रको सूचना संकलनमा गैससहरूले स्थानीय तहको आवश्यकतानुसार सहयोग गर्नुपर्नेछ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(३) स्थानीय तहको योजना निर्माण प्रकृयाको प्रारम्भिक चरणदेखि नै नगरपालिकाले आवश्यक्ता अनुसार गैससहरूको सहभागिता र प्रतिनिधित्व गराउन सक्नेछ ।

(४) गैससले सम्वन्धित विषय र क्षेत्रमा कार्यक्रमको दोहोरोपन हटाउन नगरपालिकालाई सहयोग गर्नु पर्नेछ ।

(५) गैससहरूले योजना निर्माण र कार्यान्वयनवारे जनचेतना अभिवृद्धिमा आवश्यक सहयोग गर्नुपर्नेछ ।

(६) योजना तर्जुमा प्रक्रियामा सहभागी हुन नसकेका गैससले आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दा त्यस्ता गैससका कार्यक्रम लागु हुने विषयको लिखित रूपमा जानकारी दिई नगरपालिकाको समन्वयमा तोकिएका भौगोलिक क्षेत्र वा विषयमा त्यस्ता कार्यक्रमहरू सञ्चालनका लागि प्राथमिकता दिनुपर्नेछ ।

(७) गैससहरूले आफनो कार्यक्रम नगरपालिकामा प्रस्तुत गर्ने र नगरपालिकाले गैरसरकारी संस्थाहरूवाट गरेको अपेक्षाका क्षेत्रहहरू वताउने प्रकृया मार्फत गैरसरकारी संस्थाको व्यवस्थापन र सञ्चालनलाई प्रभावकारी बनाउन ध्यान दिईनेछ।

११. योजनाकार्यान्वयन र साझेदारीः

(१) नगरपालिका र मातहतका विषयगत कार्यालयहरूको योजना कार्यान्वयनमा गैससहरूलाई आफ्नो स्रोत र क्षमतानुसार आर्थिक तथा प्राविधिक साझेदारी गर्न सक्नेछ ।

(२) नगरपालिकामा संचालित विकास आयोजनाहरूको गुणस्तर अभिवृद्धिका लागि सम्वन्धित माग भई आएमा आवश्यकतानुसार ज्ञान, सीप, परामर्श तथा सुझाव उपलब्ध गराउनेछ ।

(३) परियोजना समीक्षा बैठकहरूमा नगरपालिका र गैरसरकारी संस्थाका प्रतिनिधिहरूको सहभागितामा हुनेछ ।

१२. नगरस्तरीय योजना अनुगमन तथा मूल्यांकनः

(१) नगरपालिकाबाट सञ्चालन हुने विकास आयोजनाको अनुगमन तथा मूल्यांकन प्रकृयामा आवश्यकता अनुसार विषयगत गैससहरूलाई गैरसरकारी संस्था महासंघ नेपालको सिफारिसको आधारमा सहभागी गराउन सक्नेछ ।

(२) नगरपालिकाले स्वतन्त्र रूपमा विकास आयोजनाको तेश्रो पक्ष मूल्यांकन गर्नेछ जसमा आवश्यक ठानिएमा नगर क्षेत्रमा रहेका बिषयगत गैससहरूलाई प्राथमिकता दिई मूल्यांकनमा सहभागी गराउन सक्नेछ ।

१३. एकद्वार प्रणाली सम्वन्धमाः नगरपालिकाभित्र कार्यक्षेत्र रहेका गैससहरूले आफ्ना कार्यक्रमहरू उनीहरूको कार्यसञ्चालन र सहमतिका लागि दोहोरोपन हुन नदिन एकद्वार प्रणाली अपनाउनु पर्नेछ ।

## परिच्छेद - छ

## कार्यक्रम सञ्चालन र समन्वय

१४. नगरपालिकाको भूमिकाः गैसस सञ्चालन एवं व्यवस्थापन सम्बन्धमा नगरपालिकाको भूमिका देहायबमोजिम रहनेछः

(क) सामाजिक विकासकालागि सहयोगीको भूमिका,

(ख) आवधिक योजनाको लक्ष्यपूर्तिमा उत्प्रेरक, नियामक, सहजकर्ताको भूमिका,

(ग) सामाजिक परिचालन र सहभागिता प्रवर्द्धनको भूमिका,

(घ) दवाब समूहको रूपमा पारदर्शिता कायम गर्न तथा गरिबी न्यूनीकरण उन्मुख नीतिको तर्जुमा र कार्यान्वयन गर्न सहयोगीको भूमिका,

(ङ) नगरपालिका र विषयगत शाखाहरूसंगको निरन्तर सम्पर्क र अन्तरक्रिया तथा प्रक्रियात्मक सुधारमा सहयोगीको भूमिका,

(च) सरोकारवाला संस्थाहरू बीचको सम्पर्क र सिकाइ आदानप्रदानमा सहयोगीको भूमिका,

(छ) समुदाय र सेवाबीच माग श्रृजनामा उत्प्रेरकको भूमिका,

(ज) दलित एवं पिछडिएका वर्गको उत्थान र मूलप्रवाहीकरणमा सहजकर्ताको भूमिका,

(झ) महिला, युवा, वृद्ध, असहाय, अशक्त र अपांगहरूको उत्थान/सशक्तीकरणका लागि सहजीकरणको भूमिका,

(ञ) जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि सहजीकरणको भूमिका,

१५. नगरपालिकासँग समन्वयः

गौतमपुर नगर कार्यपालिकाको कार्यालय, जीतपुर, बारा, मधेश प्रदेश, नेपाल

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(१) यस निर्देशिका बमोजिम सूचीकृत भएका वा हुन चाहने गैससहरूले नगरपालिका क्षेत्रभित्र कार्यक्रमको प्रकृति हेरी नगरपालिकाको कार्यालयमा विवरण पेश गर्ने वा समन्वय वा जानकारी गराई काम गर्नुपर्नेछ ।

(क) छ महिनाभन्दा छोटो अवधिका परियोजनाहरू, सभा, सम्मेलन, गोष्ठी, तालिम, कार्यशाला, नागरिक शिक्षा, सुशासन तथा जवाफदेहिता प्रवर्धन, मानवअधिकार प्रवर्धन, सर्वेक्षण र अध्ययन अनुसन्धान सम्बन्धी कामहरू गर्दा नगरपालिकालाई जानकारी गराई कार्यक्रम सञ्चालन गर्ने र कार्यक्रम सम्पन्न पश्चात सो को प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(ख) नगरपालिकाको नियमित र बिषयगत कामसँग मेल खाने प्रकृतिका परियोजना तथा कार्यक्रमहरूमा आवश्यक समन्वय गरेर काम गर्नुपर्नेछ ।

(ग) एक सञ्चालनका लागि नगरपालिकाको सहमति लिई कार्य गर्ने एवं भौतिक निर्माणका परियोजनाहरू निर्माण गर्दा नगरपालिकासँग पूर्व सहमति लिएर गर्नु पर्नेछ ।

(२) गैससहरूले सञ्चालन गर्ने एक बर्ष भन्दा लामो अवधिका कार्यक्रम नगरपालिकाको योजना तर्जुमा प्रक्रियामार्फत एकीकृत बार्षिक कार्यक्रम तथा बजेटमा समावेश हुने गरी पेश गर्नु पर्नेछ ।

(३) नगर सभा सम्पन्न भएपछि गैससहरूको कार्यक्रम बजेट स्वीकृत गर्नुपर्ने भएमा नगर कार्यपालिकाको कार्यालयवाट स्वीकृत गराउनु पर्नेछ।

१६. कार्यक्रम परियोजनाको सहमति तथा समन्वयः

(१) नगरपालिकाभित्र एक वर्ष भन्दा बढी अवधिका लागि सञ्चालनमा रहेका कार्यक्रमहरूमा नगर प्रमुखको अध्यक्षतामा "नगर परियोजना सल्लाहकार समिति" गठन गरिनेछ सो समितिमा देहाय अनुसारका पदाधिकारीहरू रहने छन्ः

| | |
|---|---|
| (क) नगरप्रमुख | संयोजक |
| (ख) उपप्रमुख | उप संयोजक |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (ङ) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| (च) जिल्ला समन्वय समितिको अधिकृतस्तरको प्रतिनिधि | सदस्य |
| (छ) गैसस महासंघ नेपालको प्रतिनिधि | सदस्य |
| (ज) परियोजना सञ्चालन गर्ने संस्थाकाप्रतिनिधि | सदस्य |
| (झ) कार्यक्रमलागु भएका वडाका वडाध्यक्ष | सदस्य |
| (ञ) सामाजिक महाशाखा/शाखा प्रमुख | सदस्य सचिव |

(२) परियोजनामा सहयोग गर्ने दातृ निकाय तथा सहयोगी निकायको प्रतिनिधिलाई समेत सल्लाहकार समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(३) सल्लाहकार समितिको बैठकमा नगरपालिकामा संचालित गैससहरूको परियोजना तथा कार्यक्रमहरू समीक्षा गरिनेछ।

(४) एक वर्ष भन्दा बढी अवधि सञ्चालन हुने परियोजनामा सम्वन्धित संस्थाले अनिवार्य रूपमा नगर सल्लाहकार समितिमा पेश गरी कार्यक्रमको समीक्षा, स्वीकृति तथा अनुगमन गराउनु पर्नेछ ।

(५) अनुगमन कार्यमा गैरसरकारी संस्था महासंघ नेपाल र पत्रकार महासंघको संस्थागत प्रतिनिधित्व गराइनेछ ।

(६) सल्लाहकार समितिको बैठक कम्तिमा वर्षको दुई पटक वस्नेछ ।

१७. गैसस समन्वय समिति गठनः

(१) नगरपालिका क्षेत्रभित्र क्रियाशील गैरसरकारी संस्थाहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्य अनुरूप देहाय बमोजिमको एक नगरस्तरीय गैरसरकारी संस्था संमन्वय समितिको गठन गरिनेछ ।

| | |
|---|---|
| (क) नगर उप-प्रमुख | संयोजक |

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

(ख) कार्यपालिका सदस्यहरूबाट नगर प्रमुखले तोकेका ३ जना — सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य
(घ) प्रतिनिधि, गैसस महासंघ, नगर कार्य समिति — सदस्य
(ङ) सामाजिक विकास महाशाखा/शाखा प्रमुख — सदस्य सचिव

(२) समन्वय समितिले आवश्यकतानुसार सम्बन्धित विषयको विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१८. समन्वय समितिको गठन काम, कर्तव्य र अधिकार :

(१) समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) गैसस परिचालन सम्बन्धी नीति तर्जुमा एवं समसामयिक कार्यक्रमहरू परिमार्जन गरी स्वीकृतिका लागि नगर कार्यपालिका समक्ष पेश गर्ने,

(ख) गैससहरूका बजेट तथा कार्यक्रमहरू तर्जुमा गरी स्वीकृतिका लागि नगर कार्यपालिका समक्ष पेश गर्ने,

(ग) गैससहरूको क्षमता विकासमा सहयोग पुर्याउने,

(घ) गैससहरूको अनुगमन उनीहरूका कार्यको मूल्यांकन गरी आवश्यक दण्ड र पुरस्कारको नीति तय गर्ने,

(ङ) गैससका कार्यहरूको मूल्यांकनका आधार, सूचक, एवं कार्यविधि र ढाँचा समेत तयार गर्ने,

(च) गैससहरूको परिचालन एवं व्यवस्थापन सम्बन्धी आवश्यक फारम, ढाँचा, कार्यविवरण तयार गर्ने,

(छ) गैसससम्बन्धी नीति नियम/कार्यविधि/विनियम तय गरी आवश्यक प्रक्रिया पूरा गरी नगर कार्यपालिकाबाट स्वीकृत गराई लागु गर्ने तथा गराउने,

(ज) गैसस कार्यक्रम तयार गर्ने, त्यस्ता कार्यका लागि वित्तीय र प्राविधिक श्रोत जुटाउने वार्षिक कार्यक्रममा समावेश गर्ने,

(झ) पिछडिएका वर्ग र क्षेत्रका महिला तथा बालबालिकाको हीत र लैङ्गिक समानता जस्ता सामाजिक विषयमा कार्यक्रम कार्यान्वयन तथा अनुगमनका लागि गैससहरूसँग समन्वय गर्नुका साथै आवश्यक सहयोग पुयाउने,

(ञ) गैसस संलग्न रहेको कार्यक्रमहरूको सुपरीवेक्षण, अनुगमन तथा समीक्षा गरी प्रतिवेदन सम्बन्धित समितिमा पेश गर्ने,

(ट) गैससहरूको लेखापरीक्षण, सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण र वार्षिक प्रतिवेदनहरूको अभिलेख र विश्लेषण गर्ने,

(ठ) क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न नगरपालिकासँग समन्वय गर्ने,

(ड) गैसस सम्बन्धी तथ्याङ्क, सूचना सकंलन गर्ने वासो कार्यमा सहयोग र समन्वय गर्ने,

(ढ) नगर सभाको लागि नगरपालिका कार्यालयमा बार्षिक कार्यक्रमहरू पेश गर्ने, स्वीकृत नभई कार्य गर्ने गैससहरूको नवीकरण रोक्का राख्ने,

(ण) गैसस, उपभोक्ता समूह, सामाजिक संस्थाहरूलाई विषयगत आधारमा वर्गीकरण गरी सूचीकृत गर्ने,

(त) आवश्यकतानुसार कार्य सञ्चालन गराउन सञ्चालन समितिले काम, कर्तव्य र अधिकार समेत तोकी आवश्यक कार्यदल गठन गर्न सक्ने र विशेष सेवालिन सक्ने ।

१९. सामाजिक विकास महाशाखा/शाखाको काम र कर्तव्यः नगरपालिकामा स्वीकृतिका लागि प्रस्तुत हुन आउने आयोजना, परियोजनाहरूको अध्ययन गरी स्वीकृतिका लागि सिफारिस गर्नु नगरपालिकाको सामाजिक विकास महाशाखा/शाखा प्रमुखको कर्तव्य हुनेछ ।

२०. प्रस्तावना माग गरी सामाजिक संस्थामार्फत कार्यक्रम कार्यान्वयन गराउन सकिनेः

(१) नगर कार्यपालिकाले नगर सभाबाट पारित नीति तथा कार्यक्रममध्ये सामाजिक परिचालन, आयआर्जन एवं गरिवी निवारण सम्बन्धी कार्यक्रम, जनचेतनामूलक र क्षमता विकास सम्बन्धी कार्यक्रमहरू आवश्यक भएमा गैसस मार्फत कार्यान्वयन गराउन गैससम्बन्धी प्रस्तावना आव्हान गरी संस्था छनौट गर्दा देहायको छनौट एवं सिफारिस समिति गठन गर्न सक्नेछः

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

क) नगरप्रमुखले तोकेको कार्यपालिका सदस्यः संयोजक
ख) गैसस महासंघको प्रतिनिधि सदस्य
ग) सामाजिक विकास शाखा प्रमुख सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले प्राविधिक विज्ञता प्राप्त व्यक्ति लाई नियुक्त गरी काम अगाडि बढाउन सक्नेछ ।

२१. प्रगति प्रतिवेदन पेश गर्नुपर्ने :

(१) नगरपालिकाभित्रकार्यक्षेत्र रहेका गैससले अर्धवार्षिक रूपमा परियोजना कार्यान्वयन प्रतिवेदन र प्रत्येक आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र लेखापरीक्षण प्रतिवेदन एवम् वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) नगरपालिका वा सम्बन्धित जिल्ला वा एक जिल्ला भन्दा बढी जिल्ला वा देशभर कार्यरत रहेको संस्था भएको अवस्थामा नगरपालिका भित्रको गतिविधिको संक्षिप्त प्रगति प्रतिवेदन र सम्वन्धित परियोजना वा गतिविधिको आयव्ययको विवरण प्रस्तुत गर्न सकिनेछ । तर नगरपालिकाले आवश्यक ठानी माग गरेको अवस्थामा उक्त संस्था वा परियोजनाको सम्पूर्ण क्षेत्रको प्रगति विवरण वा लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि सम्वन्धित संस्थाले उपलब्ध गराउनुपर्नेछ ।

२२. सामाजिक परीक्षणसम्बन्धी व्यवस्थाः

(१) नगरपालिकाभित्र गैरसरकारी संस्थाले सन्चालन गरेका कार्यक्रमको लक्ष्य, बजेट, कार्यक्रम एवं उपलब्धिका बारेमा कार्यक्रम कार्यान्वयन गरिएको स्थानका सम्वन्धित सरोकारवाला निकाय, सञ्चारकर्मी, नागरिक समाज एवं लक्षित समुदाय तथा उपभोक्ता समेतको सहभागितामा वार्षिक रूपमा सामाजिक परीक्षण गर्नु पर्नेछ ।

(२) नगरपालिका बाहेक जिल्लाको अन्य स्थानीय तहमा वा जिल्लाभर कार्यक्रम सञ्चालन गर्ने संस्थाले जिल्लातहमा समेत सामाजिक परीक्षण गर्न सक्नेछन । तर, त्यस्तो सामाजिक परीक्षण कार्यक्रममा समन्वय समितिको समन्वय र सहभागिता अनिवार्य हुनेछ ।

(३) नगरपालिकाले गैससको लागि सामाजिक लेखा परीक्षण तथा सुनुवाई सम्बन्धी मार्गनिर्देशिका बनाई लागू गर्न सक्नेछ।

२३. गैरसरकारी संस्थामा नगरपालिकाको संलग्नताः कार्यपालिकाका सदस्यहरू संघीय ऐन बमोजिम दर्ता भएका गैरसरकारी संस्थाको पदाधिकारी र कर्मचारीका रूपमा संलग्न हुन पाउने छैनन् ।

२४. गैससको प्रतिनिधित्वः कार्यपालिकाद्वारा गठन गरिने गैरसरकारी संस्थासम्बन्धी विभिन्न विषयगत समिति, उपसमितिमा गैरसरकारी संस्था महासंघ जिल्ला शाखा नेपाल जिल्ला शाखाको सिफारिसमा नगरपालिकाले मनोनयन गरेका गैरसरकारी संस्थाको प्रतिनिधित्व हुनेछ ।

२५. संस्थाका क्रियाकलापहरू सार्वजनिक गर्नुपर्नेः गैससले आफ्नो संस्था तथा कार्यक्रमको बारेमा जानकारी गराउनका लागि त्यस्तो संस्थाको कार्यालय वा कार्यालय परिसरमा आफ्नो संस्थाको तर्फबाट सञ्चालित कार्यक्रम तथा बजेटको जानकारी सार्वजनिक गर्न Display Board राख्नुपर्नेछ ।

## परिच्छेद - सात
## अनुगमन एवं मूल्यांकन

२६. अनुगमन एवं मूल्यांकनः

(१) गैससद्वारा नगर क्षेत्रभित्र संचालित कार्यक्रमहरूको अनुगमन एवं मूल्यांकन सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः

क) गैससबाट सम्पादित कार्यहरूको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित संस्थाले संचालक समितिमार्फत निरन्तर रूपमा गराउनु पर्नेछ ।

ख) अनुगमन एवं मूल्यांकनको आधारमा प्राप्त प्रतिवेदनमा औंल्याइए अनुसार गैससले आफ्नो कार्यमा सुधार ल्याउनु पर्नेछ ।

ग) गैससको नियमित अनुगमन गर्न कार्यमा दोहोरोपना हटाउन, आपसी समन्वय एवं कार्य साझेदारीलाई प्रवर्द्धन गर्न एक संयुक्त कार्यदल गठन गरी निरन्तर अनुगमन प्रणालीको स्थापना गर्न सकिनेछ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

घ) संचालक समितिले गैससका कार्यको अनुगमनएवं मूल्यांकन गर्न सोको आधार, सूचक, अन्य उपयुक्त विधिहरू समेतको विकास गरी सो आधारमा उनीहरूको कार्य, उद्देश्य र उपलब्धिवीचको सम्वन्ध समेतको विश्लेषण गरी अनुगमन एवं मूल्यांकन गर्नेछ ।

(२) समन्वय समितिले सम्बद्ध निकायहरू समेतको सहभागितामा गैससद्वारा संचालित कार्यक्रमको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) अनुगमन पश्चात अनुगमन प्रतिवेदन तयार गरी समन्वय समिति समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

२७. अनुगमनप्रतिवेदनः

(१) दफा २६ बमाजिमको अनुगमनको प्रतिवेदन समन्वय समितिमा पेश गर्नुपर्नेछ । समन्वय समितिले पनि यसरी पेश हुन आएको प्रतिवेदन उपर छलफल गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुपर्नेछ ।

(२) पृष्ठपोषणमा उल्लिखित कुराहरूलाई सम्बन्धित संस्थाले मार्गदर्शनको रूपमालिई थप सुधारका कदमहरू अघि बढाउनु पर्नेछ ।

## परिच्छेद - ८
## विविध

२८. अन्तर्राष्ट्रिय गैसस सम्वन्धमाः नगरपालिका क्षेत्रभित्र काम गर्न चाहने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले नगरपालिकाले तोकेको गैरसरकारी संस्था वा संघीय तथा प्रदेश स्तरमा दर्ता भई कार्यालयमा सूचीकृत भएका वा कुनै जिल्लामा दर्ता भई नगरपालिकामा कार्यरत वा काम गर्न इच्छुक गैससमार्फत कार्य गर्नुपर्नेछ ।

२९. गैससहरूको प्रवर्धन, क्षमता विकास र नियमनः

(१) नगरपालिकाले सामाजिक सेवा तथा विकास कार्यमा संलग्न भई जनताको अधिकार संरक्षण गर्ने तथा पछाडि पारिएको वर्ग र समुदायको हीत, कल्याण र सशक्तीकरणका लागि उल्लेख्य योगदान पुयाउने गैसस वा सामाजिक अभियन्तालाई आवश्यक नियमनका साथै उनीहरूलाई प्रोत्साहित गर्न प्रसंसा पत्र, नगद वा पुरस्कार वा अन्य उपाय अवलम्बन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुरस्कार तथा प्रोत्साहनको लागि गरिने छनौटका आधारहरू देहाय बमोजिम हुनेछन्:

क) संस्थाको दीर्घकालीन सोच, उद्देश्य र रणनीति प्रष्ट उल्लेख भएको ।

ख) संस्थाको कार्यक्रमको दिगोपनाबारे सम्बद्ध जनशक्ति लाई जानकारी भएको ।

ग) गैसस सुशासन, व्यवस्थापकीय पक्ष र व्यवहार स्पष्ट भएको ।

घ) संचालित वा सम्पन्न कार्यहरूको राम्रो अलिभेख भएको ।

ङ) सूचना तथा सञ्चार र प्रतिवेदन प्रणाली व्यवस्थित भएको ।

च) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन भएको ।

छ) कार्यहरू संख्यात्मक मात्र नभई गुणात्मक पनि भएको ।

ज) आन्तरिक र बाह्य सम्बन्ध राम्रो भएको ।

झ) सूचकहरूको स्पष्टता र कार्ययोजना भएको ।

ञ) कार्यहरू तोकिएको समयमा सम्पन्न भएको ।

ट) कार्यहरूमा सुशासन, पारदर्शिता, नियमितता र नेतृत्व प्रास भएको ।

ठ) लक्षित समूह वा लाभान्वित वर्गकोहीतमा काम गरेको भनी उनीहरूको रुचि र छनौटमा परेको ।

ड) संस्थाको दर्ता नविकरण अद्यावधिक भएको ।

(३) गैससको स्थापना, दर्ता, नवीकरण जस्ता कार्यमा गैसस महासंघ नगर कार्य समितिले समन्वय, सहजीकरणसम्बन्धी कार्य गर्नेछ ।

३०. कारबाही र सजाय :

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र कार्यरत कुनै गैससले काम गर्ने क्रममा आर्थिक हिनामिना वा कानून विपरीत कार्य गरेको पाइएमा त्यस्तो संस्थालाई कसूरको गम्भीरताको आधारमा आवश्यक प्रमाण सहित कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित कुराका अतिरिक्त त्यस्तो संस्थालाई आवश्यक लिखित सुझाव दिई सुधार गर्ने अवसर प्रदान गर्न सकिनेछ ।

(३) यस्तो अवधिमा त्यस्तो संस्थालाई केही समयका लागि कार्य स्थगन गर्ने, निश्चित अवधिको लागि काम गर्न रोक लगाउन सकिनेछ ।

३१. आचार संहिताः नगरपालिकाले आफ्नो क्षेत्रभित्र काम गर्ने गैरसरकारी संस्थाहरूको लागि आवश्यक आचार संहिता जारी गरी लागू गराउन सक्नेछ ।

३२. बाधा अड्काउ फुकाउने अधिकारः यस निर्देशिकाको कार्यान्वयनमा कुनै वाधा अड्काउ आइपरेमा नगर प्रमुखले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर त्यस्तो आदेश जारी भएको मितिले तीन दिनभित्र कार्यपालिकाबाट अनुमोदन हुनुपर्नेछ ।

३३. प्रचलित कानुन बमोजिम हुनेः यस निर्देशिकामा लेखिए जति कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर, बारा मधेश प्रदेश, नेपाल

आज्ञाले,
हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत